**राक्सिराङ्ग गाउँसभा**
**बीसौं (बर्षे) अधिवेशन**
**बैठक संख्या-१**

**गाउँसभाको बीसौं (बर्षे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "आगामी आर्थिक बर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गर्ने" सम्वन्धी प्रस्ताव**

प्रस्ताव नं. :०१

मितिः २०८३/०३/२२ गते सोमबार
समय : बिहान ८:०० बजे

वर्तमान नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेको र प्रत्येक तहका सरकारको आ-आफ्नै विधायिका, कार्यपालिका र न्यायपालिकाको स्पष्ट संवैधानिक व्यवस्था गरेको छ। सोही अनुरुप स्थानीय कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा नीति, कानून वनाउन सभालाई प्रस्ताव गर्ने र सभामा छलफल गरी पेश भएका नीति कानुन पारित गर्नुपर्ने हुन्छ ।

गाउँपालिकामा जनताद्वारा अनुमोदिन जनप्रतिनिधि सदस्य रहेको सर्वोच्च संस्थाको रुपमा गाउँसभामा आगामी आर्थिक वर्ष यस गाउँ कार्यपालिकाबाट सञ्चालन गरिने विकास निर्माण लगायतका कार्यक्रमहरुलाई मार्गदर्शन गर्न वार्षिक नीति तथा कार्यक्रम गाउँसभाबाट स्वीकृत गरी स्वीकृत नीति तथा कार्यक्रमका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार "गाउँपालिकाले जारी गर्ने कुनै नीति वा सोको संशोधन" गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरी गाउँसभामा पेश गर्नुपर्ने कानुनी व्यवस्था भएकोले यस राक्सिराङ्ग गाउँपालिकाको सोह्रौं अधिवेशनमा राक्सिराङ्ग गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम छलफल गरी स्वीकृत गर्न आवश्यक भएकोले आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमलाई स्वीकृत गर्ने ।

**राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि प्रस्तावित नीति तथा कार्यक्रम**

नेपालको संविधान बमोजिम संघ प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र सहअस्तित्व प्रवर्द्धन गरी जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप गाउँपालिकाले यहाँबाट सम्पादन हुने, विकास निर्माण सम्बन्धी सेवा, आर्थिक तथा सामाजिक स्तर उन्नति सम्बन्धी सेवा र नीति नियम तर्जुमा, कार्यान्वयन र सार्वजनिक सेवा प्रवाह लगायतका सेवा सुलभ ढङ्गबाट प्रवाह गर्दै सुदृढ सभ्य र विकासशील राक्सिराङ्ग निर्माण कार्यलाई आगामी बर्ष निरन्तरता दिईनेछ ।

उपलब्ध वित्तीय, प्राकृतिक, मानवीय, साँस्कृतिक एवम पर्यटकीय स्रोतहरुको समुचित परिचालन र त्यसबाट प्राप्त उपलब्धिहरुको समन्यायिक वितरण गरी कानुनी राज्य र दीगो विकासको अवधारणा स्थानीयकरण गर्ने, स्थानीय तहमा प्राप्त विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारहरुको सफल अभ्यास गर्दै यहाँको जनचाहना र आवश्यकतालाई अधिकतम सम्वोधन गर्दै **शिक्षा, स्वास्थ्य, कृषि, विद्युत, पर्यावरण र पूर्वाधार राक्सिराङ्गको विकासको आधार** भन्ने संकल्पको साथ बहुआयामिक विकासको महाअभियानलाई सार्थक तुल्याउने आधार बर्षको रुपमा आगामी आर्थिक बर्ष रहनेछ ।

**आर्थिक विकास :**

१. गाउँपालिकामा खाद्य सुरक्षा र खाद्य सम्प्रभुता कायम गराउन विपन्न समुदायको खाद्यान्नमा पहुँच, खाद्य पदार्थको उपलब्धता र खाद्यान्नको उत्पादन, उपभोग र वितरणमा स्थानीय बासिन्दाको नियन्त्रण कायम गराउन कृषि र पशुपन्छि विकास सम्बन्धी विभिन्न कृयाकलापहरु सञ्चालन गरिनेछ।
२. गाउँपालिकाभित्रका युवाहरुलाई व्यवसायिक कृषिमा आवद्ध गराउँदै **कृषक युवा प्रोत्साहन तथा उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गरिनेछ।

३. कृषकहरुका लागि आवश्यक उन्नत बिउ बिजनहरु सजिलैसँग उपलब्ध गराउनको लागि बिउ बिजन उत्पादन तथा संरक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ। साथै, गाउँपालिकाको रैथाने खाद्यान्न बालीहरुको बीउ संरक्षण गरी यसको खेति विस्तार र यी उपज हरूको भ्यालु एड गराई कृषकहरुको नाफा बढाउन गाउँपालिकामा **सामुदायिक बीउ बैङ्क स्थापना र सञ्चालन** गरिनेछ।

४. खोरिया खेतीमा निर्भर चेपाङ्ग समुदायमा खोरियाको वैज्ञानिक सुधार गरी कृषि उत्पादनमा आत्मनिर्भर एवम् खाद्य सुरक्षा प्रवर्द्धन गर्न **चेपाङ्ग जीवनस्तर सुधार तथा आयआर्जन प्रबर्द्धन कार्यक्रम** सञ्चालन गरिनेछ।

५. किसान सूचीकरण कार्यलाई तिव्रता दिई कृषि तथा पशुपन्छी विकाससँग सम्बन्धित कार्यक्रमलाई वर्गीकरण गरी विपन्न र उद्यमशील कृषकहरु लक्षित छुट्टाछुट्टै कार्यक्रमहरु सञ्चालन गरिनेछ। आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका विपन्न वर्गको जिविकोपार्जनका लागि **विपन्न वर्ग लक्षित विशेष कृषि कार्यक्रमहरु** सञ्चालन गरिनेछ।

६. व्यवसायिक तथा साना कृषकहरुको प्राविधिक समस्या समाधानका लागि कृषि/पशु प्राविधिकहरुबाट फिल्ड भिजिट गरि परामर्श सेवा उपलब्ध गराइनेछ। साथै, गाउँपालिकाभित्रका पशु स्वास्थ्यकर्मीहरुलाई सूचिकृत गरी पशुस्वास्थ्य सेवालाई थप प्रभावकारी बनाईनेछ।

७. "महामारी मुक्त पशुधन, सुरक्षित कृषक" अभियान अन्तर्गत पशुबाट मानिसमा लाग्ने रेविज जस्ता रोगहरु नियन्त्रण गर्न समुदायस्तरमा पशुहरूको लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ। साथै पशुबाट सर्ने रोगहरु सम्बन्धमा विद्यालयस्तरमा जुनेटिक रोग सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८. गाउँपालिकाभित्रका विभिन्न समुदायको मौलिक कृषि उपज तथा खाद्यान्नहरूको प्रवर्द्धन एवम् बजारिकरणको लागि गाउँपालिका र जिल्लास्तरका हाट बजार, मेला महोत्सवहरूमा स्टल राख्न प्रोत्साहन गरिनेछ।

९. बाख्रापालनको ठूलो सम्भावना बोकेको यस पालिकामा बाख्रापालनलाई व्यवसायीकरण गर्न नमूना खोर निर्माण गर्न अभिप्रेरित गरिनेछ। कुखुरा र मत्स्यपालनमा संलग्न वा संलग्न हुन इच्छुक कृषकहरुलाई अभिप्रेरित गर्न कुखुरा तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। साथै, घाँसमा अधारित पशुपालन लाई प्रवर्द्धन गर्दै बाह्रै महिना हरियो घाँस उपलब्ध हुनेगरी हिउँदे, बर्षे र डाले घाँसको बिउ तथा बेर्ना वितरण गरिनेछ।

१०. पशु नश्ल सुधार गरी स्थानीय जातका पशु चौपायाहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउन पशुचौपायाहरुलाई आवश्यक **कृत्रिम गर्भाधान सेवा** थप सहज र व्यवस्थित रुपमा उपलब्ध गराइनेछ। साथै पशु प्राविधिक र पशुपालक किसानहरूबीचको सम्पर्क र परामर्शलाई थप मजबुत बनाउन **गोठदैलो** सेवा सञ्चालन गरिनेछ।

११. गाउँपालिकाभित्र क्रियाशील सहकारी संस्थाहरुलाई यहाँका जनताहरुको जीवनस्तर सुधार गर्दै उनीहरुको आर्थिक सामाजिक विकासमा गाउँपालिकाको साझेदारको रुपमा अघि बढाईनेछ। निष्क्रीय सहकारीहरूलाई निसंस्थीकरण गरी सहकारीको संख्या घटाउने र सेवाको गुणस्तर बढाउने नीति अवलम्बन गरिनेछ।

१२. गाउँपालिकाभित्र अति सिमान्तकृत विपन्न चेपाङ्गहरुको बसोबास रहेको र आर्थिक सामाजिक विकासको सुचकाङ्कमा पछाडि परेको वडाहरुमा वञ्चितिमा परेका समुदायको जीवनस्तर उत्थानको लागि संघ, प्रदेश र स्थानीय तहको सरकारहरु र गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्य र समन्वयमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

१३. परेवाभिर पन्जनी पौडि तथा बनभोजस्थल निर्माण गरिनेछ। साथै जलपरी झरना पर्यटकीय क्षेत्र, दुईचोक डाँडा पर्यटकीय क्षेत्र र अन्य प्राचीन धार्मीक, प्राकृतिक र पुरातात्विक क्षेत्रहरुको प्रचार प्रसार गरी पर्यटकीय गतिविधिमार्फत यहाँका स्थानीय समुदायको आर्थिक अवस्थामा सुधार ल्याईनेछ ।

१४. गाउँपालिकामा नवनिर्मीत चेपाङ संग्रहालय र कोशेलीघर सञ्चालन गरी सो समुदायको पुरातात्विक महत्वका थप बस्तुहरुको संकलन एवम संरक्षण गरिनेछ ।

१५. स्थानीय यूवाहरुलाई स्वदेश तथा विदेशमा रोजगारी प्राप्त गर्न बजारमुखी व्यवसायिक सीपमुलक तालिमहरु प्रदान गर्न अध्यक्ष रोजगार प्रवर्द्धन कार्यक्रमलाई अझै प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१६. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षारता कक्षा संचालन र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ । यी कार्यहरू संचालन गर्नको लागि संघ र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।

१७. गाउँपालिकाभित्रका युवाहरुलाई श्रममुलक विकास निर्माण कार्यमा सहभागी गराई न्युन लागतमा अधिकतम उपलब्धी हासिल गर्न **परिवर्तन हाम्रो लक्ष्य, श्रमसँग युवा, युवासँग उपाध्यक्ष कार्यक्रम** सञ्चालन गरिनेछ ।

१८. गाउँपालिकामा बसोबास गर्ने भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी लगायत किसानसँग जोडिएका समस्याहरु समाधान गर्न तथ्याङ्क संकलन, अनलाईन ईन्ट्री, जग्गाहरुको नापजाँच गरी लगत संकलन कार्यलाई तीव्रता दिईनेछ।

**सामाजिक विकास**

१९. आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने संवैधानिक अधिकारलाई संरक्षण गर्दै नागरिकलाइ स्वस्थ बनाउन राक्सिराङ्ग गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाइ पुरा गर्ने नीति लिइएको छ। साथै महिलाहरुको प्रजनन अधिकार थप सुदृढ गरी सेवाको पहुँच तथा उपभोगमा वृद्धि ल्याउनको लागि विभिन्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ।

२०. बालबालिकाले १५ देखि २३ महिनाको उमेर भित्र पाउनुपर्ने सम्पूर्ण खोपहरु प्राप्त गरेको सुनिश्चित गरी राक्सिराङ्ग गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता र दिगोपना कायम गरिनेछ। साथै शुन्य कुपोषण पुस्ता निर्माणको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम, **किशोरी गर्भवती न्यूनीकरण तथा चेपाङ समुदाय पोषण सुधार परियोजना** सञ्चालन गरिने छ।

२१. राक्सिराङ्ग अस्पताललाई पर्याप्त जनशक्ति र प्रविधियुक्त बनाई स्वास्थ्य बिमा, प्रयोगशाला फार्मेसी, डिजिटल एक्स-रे सहितको सेवा विस्तार गरिनेछ। साथै गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाको सेवा सुदृढिकरण गरिनेछ।

२२. नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ। राक्सिराङ्ग गाउँपालिकालाई क्षयरोग मुक्त गाउँपालिका बनाउन क्षयरोग नियत्रण कार्यक्रमलाई प्रभाकारी रुपमा सञ्चालन गरिनेछ।

२३. पूर्ण खोपको सुनिश्चितता जस्ता मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका विषयबस्तुहरुलाई सामुदायिक स्वास्थ्य कार्यक्रमहरु मार्फत अभियानको रुप दिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२४. संस्थागत सुत्केरी प्रवर्द्धनको लागि सुत्केरी हुन आउने आमाहरुलाई वर्थिङ्ग सेन्टरमा निःशुल्क खाना तथा बासको व्यवस्था मिलाईनेछ र **सुत्केरी आमा पोषिलो खाना** कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२५. सीमान्तकृत समुदायका विद्यार्थीहरूका अभिभावक लक्षित गरेर अभिभावक तथा आमा सचेतना र साक्षरता अभियान सञ्चालन गरी बालबालिकाको शिक्षामा आमाको भुमिका सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२६. शिक्षक दरबन्दी कम भएका र विद्यार्थीको संख्या पनि कम भएका दूर्गम भेगका विद्यालयहरु लक्षित गरेर बहुकक्षा शिक्षण व्यवस्थापन सम्बन्धमा शिक्षकहरुलाई तालिम प्रदान गरिनेछ।

२७. 'स्वास्थ्यका लागि खेलकुद, युवाका लागि खेलकुद' भन्ने मान्यताका साथ गाउँपालिकास्तरीय खेलकुद तथा युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै गाउँपालिकाको प्रतिनिधित्व गरेर अन्य स्थानहरूमा प्रतियोगिताको लागि जाने खेलाडीहरुलाई प्रवर्द्धन गरिनेछ।

२८. ज्येष्ठ नागरिकहरुको अनुभवको आदानप्रदान गर्न तथा समाजमा वहाँहरुले पुर्याउनुभएको योगदानको कदर गर्नका लागि गाउँपालिकामा रहेका ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ । साथै व्यवस्था परिवर्तन गर्दै लोकतन्त्र र सामाजिक न्यायको पक्षमा जीवन व्यतित गर्ने अग्रजहरुको सम्मान तथा सम्झनामा प्रतिष्ठान, स्मारकहरु स्थापना गरिनेछ ।

२९. बालश्रम, बालविवाह, वहुविवाह, दाईजोप्रथा, बोक्सीप्रथा, जातिय छुवाछुत तथा भेदभाव जस्ता सामाजिक कुरीति एवम अन्धविश्वास न्युनीकरण गर्दै समतामुलक समाज निर्माणको लागि सामाजिक विभेद निवारण सम्बन्धी स्थानीय कार्ययोजना कार्यान्वयन गरी गाउँपालिकाबाट सम्पादन हुने सम्बन्धित कृयाकलापहरुलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

३०. एकल महिला, घरेलु हिंसा पीडित महिला र असहाय वालवालिका, जेष्ठ नागरिकहरुको सुरक्षा तथा संरक्षणको लागि संघ तथा प्रदेश सरकार तथा सहयोगी संघ संस्थासँगको साझेदारीमा पूनस्थापना केन्द्र, आश्रय केन्द्र, स्याहार केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।

३१. चेपाङ्ग तथा तामाङ्ग भाषा, संगीत, साहित्य, सँस्कृति, परम्पराको जगेर्ना र प्रचार गर्न गाउँपालिकामा साँस्कृती आदान प्रदान तथा संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । साथै गाउँपालिकामा साँस्कृतिक तथा साहित्यिक कार्यक्रम आयोजना गरिनेछ ।

पूर्वाधार विकास

३२. राक्सिराङ गाउँपालिकाको योजनावद्ध रुपमा सबै क्षेत्रको सन्तुलित विकासका लागि आगामी आर्थिक वर्षमा गाउँपालिकाको दोश्रो आवधिक योजना कार्यान्वयनको आधार वर्षको रूपमा रहनेछ।

३३. जनताले अनुभूती गर्न सक्ने गरी विकासका प्रतिफल प्राप्त हुने खालका रणनीतिकरुपले महत्वपूर्ण र स्थायी संरचना विकास हुने खालका योजना तर्जुमा एवं प्राप्त स्रोतको एकीकृतरुपमा परिचालन गरी विकासका **स्थानीय गौरवका ठूला एवं वहुबर्षीय आयोजनाहरु** सञ्चालनलाई प्राथमिकता दिइने छ ।

३४. गाउँपालिकामा निर्माणाधिन वडा कार्यालय भवनहरू निर्माण सम्पन्न गरीनेछ । साथै वडा कार्यालय भवन नभएका वडाहरुमा जग्गा प्राप्तिको कार्यलाई तीव्रता दिईनेछ। गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको विकास, सम्भार र सञ्चालनको उचित व्यवस्था मिलाइनेछ । साथै वडा नं २ मा रहेको सरिखेत स्वास्थ्य चौकि भवन निर्माण कार्य अघि बढाइनेछ ।

३५. गाउँपालिकाभित्रका मुख्य सडक सञ्जालहरुको स्तरीकरण गरी ग्रामीण सडकहरुलाई व्यवस्थित र सुरक्षित बनाईनेछ । साथै विभिन्न सडक रुटमा सार्वजनिक सवारी साधन चलाउनको लागि रूट परमिट र भाडादर निर्धारण गर्न विशेष पहल गरिनेछ ।

३६. निर्माण भैसकेका सडक, सिंचाई तथा खानेपानी आयोजनाहरुको मर्मत र सम्भारको लागि सडक मर्मत सम्भारको लागि उपभोक्ताहरुको लागत सहभागितामा मर्मत सम्भार कोष स्थापना गरिनेछ । खानेपानी आयोजनाहरुको दीगो र समुदायमा आधारित विकास तथा व्यवस्थापनको लागि खानेपानी बोर्ड गठन गरी सञ्चालन गरिनेछ। साथै, खानेपानीको मुहान संरक्षण, व्यवस्थित ठूला खानेपानी आयोजनाहरु र सरसफाई सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिने छ।

३७. संघ तथा प्रदेश सरकारको सहयोगमा घोरकोटे गोराङ्दी खोला पुलको वहुवर्षीय आयोजनाको रुपमा निर्माण कार्य प्रारम्भ गरिनेछ।साथै, हाल सञ्चालनमा रहेका साना हिउँदे सडकअन्तर्गत स-साना खोल्साहरुमा कल्भर्ट र मोटरेबल ट्रस ब्रिज निर्माण गरिनेछ।

३८. गाउँपालिका भित्रका फराकिलो खेतीयोग्य जमिन रहेका विभिन्न फाँट एवम् टारहरुमा सिँचाई पूर्वाधारहरु विकास गरिनेछ।

३९. पूर्वाधार विकासको अभियानमा निजी, गैरसरकारी र सहकारी क्षेत्रलाई सक्रिय बनाउन सहभागितामूलक योजना निर्माण र कार्यान्वयनको प्रणाली विकास गरिनेछ । स्थानीय समुदायहरुको सहभागिता र योगदानमा आधारित विकासका पद्धतिहरु अंगीकार गरिनेछ ।

४०. गाउँपालिकाको बजारोन्मुख बस्तिहरु, पलाँसे, चैनपुर, राक्सिराङ्ग, अठारे, घोरकोटे, चौकिटार र सिलिङ्गेमा व्यवस्थित वस्ति विकास र नक्सा पास सहितको पक्कि भवन निर्माण गर्न सहरी विकास तथा एकीकृत बस्ती विकास मापदण्ड कार्यान्वयन गरिनेछ ।

वन, वातावरण तथा विपद् व्यवस्थापन

४१. प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरण र जैविक विविधता संरक्षण, वातावरणमैत्री विकास जस्ता वातावरणीय पक्षहरुलाई थप व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्न गाउँपालिकाको संस्थागत संयन्त्रलाई सवल र सक्षम बनाइनेछ ।

४२. उच्च मूल्यका वनस्पति तथा जड़िबुटी संरक्षण र उपयोगबाट आर्थिक आम्दानीको स्रोत वृद्धि गर्न योजनावद्ध रुपमा जडिबुटीजन्य वनस्पतिको वृक्षारोपणमा जोड दिइनेछ ।

४३. सामुदायिक वनको संरक्षणका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरुको नियमन, व्यवस्थापन तथा क्षमता विकास गरी नयाँ र ठोस कार्ययोजना बनाउन सहजीकरण गर्ने र बन जंगल एव जंगली जीवजन्तुको संरक्षणसम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४४. वातावरण संरक्षण र वनजंगल संरक्षण, कार्वन उत्सर्जन कटौती, कार्वन व्यापार तथा रेड (REDD) सम्बन्धमा समुदायको चेतना अभिवृद्धि गराउने र जलवायु परिवर्तन, न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी गाउँपालिका क्षेत्र भित्र आगामी आ.व. मा कार्वन उत्सर्जन कटौति गर्ने कार्यलाई कार्यान्वयन गर्दै यस गाउँपालिकालाई हरित गाउँपालिका बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

४५. फोहोरमैला व्यवस्थापनका लागि जैविक र अजैविक फोहोरको वर्गीकरण गरी सोही अनुरुप फोहोरलाई व्यवस्थापन गरी सफा र स्वच्छ राक्सिराङ निर्माण गर्न **फोहोरमैला व्यवस्थापन नीति** तर्जुमा गरी तोकिएको मापदण्ड अनुरुप **फोहोर व्यवस्थापन केन्द्रको पहिचान तथा व्यवस्थापन** गरिनेछ । प्लास्टिकजन्य, सीसा तथा धातुजन्य फोहर व्यवस्थापनको लागि बजार क्षेत्र र पार्कहरूमा बोटल केज राखिनेछ।

४६. गाउँपालिकाको विपद् व्यवस्थापन योजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ । प्रत्येक वडामा विपद् व्यवस्थापनसँग सम्वन्धित औजार, उपकरण तथा सामाग्रीहरुको व्यवस्थापन गरिनेछ । विपद् सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा पूर्व सतर्कता र सजगता अपनाइनेछ । विपदमा परेकाहरुको तत्काल उद्धार गर्न विपद् दस्ता तयार गरी उद्धार गरिएका पीडितलाई आश्रय दिनको लागि प्रत्येक वडामा विपद् भवन निर्माण कार्यलाई जोड दिइनेछ ।

४७. चटयाङ्ग प्रभावित क्षेत्रमा चटयाङ्ग न्यूनीकरणको लागि सम्भाव्यता अध्ययन गरी थप घरहरुमा अर्थिङ्गसहितको लाईटिनिङ्ग अरेष्टर जडान कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास**

४८. गाउँपालिका बाट सञ्चालन हुने हरेक क्रियाकलापमा पारदर्शिता प्रवर्द्धन गर्दै सहभागितामुलक विकास प्रक्रिया अवलम्बन गर्न गाउँपालिका र अन्तर्गतका कार्यालयहरुलाई निर्देशित गरिनेछ ।हरेक सार्वजनिक क्रियाकलापमा सार्वजनिक उत्तरदायित्व वहन गराउन सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, प्रतिवेदन सार्वजनिकरण जस्ता कार्यहरु सञ्चालन गरिनेछ ।

४९. नेपालको संविधानको अनुसूचि ८ बमोजिमका आफ्ना अधिकारक्षेत्रका विषयमा आवश्यक नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गर्ने प्रक्रियालाई तीव्रता दिइनेछ ।

५०. गाउँपालिकाभित्रका सम्पूर्ण वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्थाहरु लगायत सरकारी कार्यालयहरुमा अनिवार्य विद्युतीय हाजिरी लागू गरी कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित र अनुशासित बनाईनेछ ।

५१. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सम्बन्धी सेवाको सहजीकरणको लागि आवश्यक व्यवस्थापन गरिनेछ। साथै करदाता सेवा सम्बन्धी कार्यमा गाउँपालिकावासीलाई सहज र सरल रुपमा सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

५२. गाउँपालिका र वडाबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी वनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी समग्र कार्यालयको संस्थागत क्षमता विकासमा जोड दिइनेछ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।**

| | | | |
|---|---|---|---|
| शुक्र बहादुर प्रजा<br>वडा सदस्य | जनक बहादुर सारु मगर<br>वडा सदस्य | चमेली माया सुनार<br>वडा सदस्य | सुर्य बहादुर थिङ्ग<br>वडा सदस्य |
| दिल बहादुर स्याङ्गतान<br>वडा सदस्य | शान्ती माया विश्वकर्मा<br>वडा सदस्य | मनमाया थिङ्ग स्याङ्गतान<br>वडा सदस्य | सुनिल ब्लोन<br>वडा सदस्य |
| केशव चेपाङ<br>वडा सदस्य | पार्वती सुनार<br>वडा सदस्य | सन्त माया चेपाङ<br>वडा सदस्य | तिलक बहादुर मुक्तान<br>वडा सदस्य |

| | | | |
|---|---|---|---|
| भिम बहादुर प्रजा<br>वडा सदस्य | विमला वि.क.<br>वडा सदस्य | अनिसा प्रजा<br>वडा सदस्य | विसन कुमार प्रजा<br>वडा सदस्य |
| विराजमान प्रजा<br>वडा सदस्य | मिठु माया प्रजा<br>वडा सदस्य | राम शरण मुक्तान<br>वडा सदस्य | मदन स्याङतान<br>वडा सदस्य |
| सिता थिङ<br>वडा सदस्य | केदार सुवेदी<br>वडा सदस्य | निर्मला दोङ<br>वडा सदस्य | गंगा वि.क.<br>वडा सदस्य |
| अनिता शाह<br>वडा सदस्य | प्रदिप मुक्तान<br>वडा सदस्य | अर्जुन थिङ<br>वडा सदस्य | शारस थिङ<br>वडा सदस्य |
| पूर्ण बहादुर मुक्तान<br>वडा सदस्य | भिम बहादुर मुक्तान<br>वडा सदस्य | सुमित्रा वि.क.<br>वडा सदस्य | आस माया थिङ<br>वडा सदस्य |
| चन्द्रमान प्रजा<br>कार्यपालिका सदस्य | सिङ्गलाल प्रजा<br>कार्यपालिका सदस्य | शान्ता कुमारी अर्याल<br>कार्यपालिका सदस्य | शुशिला सुनार<br>कार्यपालिका सदस्य |
| सजिना मुक्तान नेपाली<br>कार्यपालिका सदस्य | सुजता दमाइ<br>कार्यपालिका सदस्य | राम कुमार बाल्वा थिङ<br>वडा अध्यक्ष | युसाई प्रजा<br>वडा अध्यक्ष |
| राम बहादुर प्रजा<br>वडा अध्यक्ष | अकल बहादुर मोक्तान<br>वडा अध्यक्ष | वीर बहादुर प्रजा<br>वडा अध्यक्ष | संजय कोइराला<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| ...................... उत्तम वाइबा<br>वडा अध्यक्ष | ...................... बुद्ध राम मुक्तान<br>वडा अध्यक्ष | ...................... बाबी राम मुक्तान<br>वडा अध्यक्ष |
| ...................... बनस्तम थिङ्ग<br>उपाध्यक्ष | ...................... राजकुमार मल्ल<br>अध्यक्ष | |